नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७

**मिति:- २०८१/०१/२३ गते।**
**ने.सं. १४४४, चैलागा १२ आईतवार।**

**प्रेस विज्ञप्ती- ३७**

### "कर्तव्य ज्यान मुद्दामा फरार प्रतिवादी पक्राउ"

मिति २०६१/०७/२९ गते वेलुका, जिल्ला मकवानपुर साविक चित्लाङ् गा.बि.स. वडा नं. ३ स्थित कच्ची सडकमा जिल्ला मकवानपुर मार्खु गा.बि.स. वडा नं. ४ बस्ने पूर्ण बहादुर बिष्टलाई व्यक्तिगत रिसिइवीका कारण तत्काल श्री नं. ७ बाहिनी स्थित अड्डा चनवन, मकवानपुरमा कार्यरत नेपाली सेनाका शंकर आले समेतका व्यक्तिहरूले मरनासन्न हुने गरी कुटपिट गरेको भोलिपल्ट मिति २०६१/०७/३० गते १०:०० बजेको समयमा जिल्ला मकवानपुरको मार्खु र चित्लाङ भन्ने स्थानहरूको दोसाधमा पर्ने काल्सिङ् खोलामा पूर्ण बहादुर विष्टको मृतक शव फेला परेको भन्ने कर्तव्यज्यान मुद्दामा सम्मानित मकवानपुर जिल्ला अदालतको मिति २०७२/०१/२३ गतेको फैसलाले प्रतिवादी शंकर आलेलाई साविक मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) बमोजिम **जन्म कैद** हुने ठहर भएको र उल्लेखित वारदात पछी पक्राउ नपरी हालसम्म फरार रहेका निज प्रतिवादी शंकर आलेलाई यस कार्यालयबाट खटीएको प्रहरी टोलिले मिति २०८१/०१/२३ गते जिल्ला नवलपरासी, देवचुली न.पा. वडा नं. ३, प्रगतिनगरबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित चितवन जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादीको विवरण :-**



| | |
|---|---|
| **नाम:-** | शंकर आले। |
| **उमेर:-** | ४७ बर्ष। |
| **वतन:-** | तत्काल नेपाली सेनाको श्री नं. ७ बाहिनी स्थित अड्डा, चनवन, मकवानपुरमा कार्यरत जिल्ला मकवानपुर साविक चित्लाङ् गा.बि.स. वडा नं. ३, सिरुपाटा। |
| **मुद्दा: -** | कर्तव्य ज्यान |
| **सजाय:-** | जन्म कैद |

**पक्राउ स्थान:-** जिल्ला नवलपरासी, देवचुली न.पा. वडा नं. १३, प्रगतिनगर

**प्रवक्ता एवं सूचना अधिकारी**
**(होविन्द्र बोगटी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**

Website: https://cib.nepalpolice.gov.np, E-mail: cib_spokesperson@nepalpolice.gov.np/cib@nepalpolice.gov.np